नेपाल सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
# नापी विभाग
( कर्मचारी प्रशासन शाखा )

फोन नं. ४६२१७७१०, ४६२२७४२, ४६२२७१३, ४६२२७३३
फ्याक्स नं. ४६२२९५७
इमेल : info@dos.gov.np

मिनभवन,
काठमाडौं, नेपाल

पत्र संख्याः- १/१/०७५/७६
प्राप्त पत्र संख्याः.............
च.नं.: ३१

मिति : २०७५/४/७

**विषय :- परिपत्र सम्वन्धमा ।**

**श्री नापी विभाग, कित्तानापी महाशाखा, मिनभवन ।**
**श्री नापी विभाग, खगोल तथा भूमापन महाशाखा, मिनभवन ।**
**श्री नापी विभाग, स्थलरुप नापी महाशाखा, मिनभवन ।**
**श्री राष्ट्रिय भौगोलिक सूचना पूर्वाधार महाशाखा, मिनभवन ।**
**श्री नापी कार्यालयहरु सवै ।**

प्रस्तुत विषयमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय (भुमि व्यवस्था) कर्मचारी प्रशासन शाखाको प.सं. क.प्र.(स्व.ता.) ०७५/७६ च.नं.१४ मिति २०७५/४/३ को पत्र साथ प्राप्त नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको प.स. PSTD/CIST/५० च.नं. ८०७ मिति २०७५/३/२५ को पत्रको छायाँ प्रति यसैसाथ संलग्न छ । व्यहोरा सोही पत्रवाट अवगत गर्नु भई उक्त तालिममा सहभागी हुन चाहने तथा मनोनयनका आधारहरु पुरा भएका रा.प.द्वितीय श्रेणीका अधिकृत स्तरका कर्मचारीहरुको लागी Advanced Course on Management and Development (ACMD) विषयक ३५ (पैतिस) कार्यदिनको तालिमको लागी खुलाई मनोनयन फाराम भरी मिति २०७५/४/९ गते भित्र यस विभागमा उपलब्ध गराउनु हुन आदेशानुसार अनुरोध छ ।

**( धृता कुमारी खत्री )**
**शाखा अधिकृत**

**बोधार्थ :**
श्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ( भुमि व्यवस्था) कर्मचारी प्रशासन शाखा) ।
श्री नापी विभाग, योजना तथा अनुगमन शाखा : यो सुचना विभागको Website मा प्रविष्ट गरिदिनु हुन ।

नेपाल सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
सिंहदरबार, काठमाडौं

# (कर्मचारी प्रशासन शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

क.प्र.(स्व.ता.)०७५।७६

१४

मिति: २०७५।०४।०३

कृ.प्र.
४।६

विषयः प्रशिक्षार्थी सिफारिस गरी पठाई दिने बारे ।

श्री आन्तरिक व्यवस्थापन शाखा, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ।
श्री कृषि विभाग, हरिहरभवन ।
श्री पशु सेवा विभाग, हरिहरभवन ।
श्री सहकारी विभाग, नयाँ बानेश्वर ।
श्री नापी विभाग, नयाँ बानेश्वर ।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल ।
श्री खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट नेपाल सरकारका रा.प. द्वितीय श्रेणीका अधिकृतहरुको लागि पहिलो कार्यक्रम मिति २०७५।०४।२३ देखि २०७५।०५।१५ र दोश्रो कार्यक्रम मिति २०७५।०४।३० देखि २०७५।०५।२२ गते सम्म संचालन गर्न लागेको Advanced Course on Management and Development (ACMD) विषयक ३५ कार्यदिनको प्रशिक्षण कार्यक्रममा सहभागिताको लागि १/१ जना उम्मेदवार मनोनयन गरी मिति २०७५।४।१५ गते भित्र प्राप्त हुने गरी पठाई दिन अनुरोध भई आएकोले सो बमोजिम तहाँबाट १/१ जना उम्मेदवारको नाम मनोनयनको लागि मिति २०७५।४।११ गते भित्र प्राप्त हुने गरी सिफारिस गरी पठाई दिनु हुन आदेशानुसार अनुरोध छ ।

(कल्पना घिमिरे)
उप-सचिव

कृषि विभाग
दर्ता नं. २३०
मिति २०७५-४-६

अनुसूची-५

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

जावलाखेल, ललितपुर

## प्रशिक्षार्थी मनोनयन फाराम

१. कर्मचारीको व्यक्तिगत विवरण:

(क) नाम: मोबाइल नं: कर्मचारी संकेत नं:

(ख) जन्म मिति:

(ग) स्थायी ठेगाना:

(घ) शैक्षिक योग्यता (उच्चतम मात्र):

२. नोकरी विवरण:

(क) कार्यरत कार्यालयको नाम: (ख) शाखा/फाट:

(ग) ठेगाना: (घ) फो.नं.:

(ङ) मोबाइल नं. (च) फ्याक्स नं.: (छ) इमेल:

(ज) सेवा प्रवेश गरेको पद: (झ) नियुक्ति मिति:

(ञ) हालको पद: (ट) श्रेणी/तह:

(ठ) सेवा/समूह: (ड) हालको पदमा नियुक्ति वा बढुवा भएको मिति:

(ढ) आफूले गर्नु पर्ने प्रमुख कार्यहरू:

३. प्रशिक्षण सम्बन्धी विवरण:

(क) हालको श्रेणी/तहमा हुंदा पहिले कुनै प्रशिक्षण लिइसकेको भए:

- प्रशिक्षणको विषय/शीर्षक:
- प्रशिक्षणको अवधि:
- प्रशिक्षण दिने संस्था र मुलुक:

मनोनित कर्मचारीको सही:
मिति:

कार्यालयको छाप

प्रशिक्षणको लागि सिफारिस गर्ने सचिव वा सो सरहको संगठन प्रमुखको:

सही:
नाम:
पद:
कार्यालय:
मिति:

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
Nepal Administrative Staff College
"... devoted to making differences positively."

प.सं.
च.नं. ८०६/०६७१६८
PSTD/CIST/50

मिति : २०७५/३/२५

नेपाल सरकार
कृषि भूमि व्यवस्था तथा
सहकारी मन्त्रालय
दर्ता नं. ४५३६
मिति ०७५।३।२६

श्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
**सिंहदरबार, काठमाडौं।**

विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन

नेपाल सरकार र सार्वजनिक निकायहरूमा कार्यरत द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूको क्षमता विकास गर्ने उद्देश्यका साथ प्रतिष्ठानले संचालन गर्दै आएको Advanced Course on Management and Development (ACMD) आ.व.२०७५/७६ को पहिलो चौमासिक अवधिमा तपसिल बमोजिमको समयतालिकामा संचालन हुने व्यहोरा जानकारी गराउँदछु। अधिकृतहरूको मूलभूत सक्षमता (Core Competencies) मा आधारित ३५ कार्यदिन संचालन हुने यस तालिम कार्यक्रममा तहाँबाट २ वटा कार्यक्रमहरूको लागि जम्मा २ (दुई) जना **द्वितीय श्रेणी** वा सो सरहका अधिकृतहरुको मनोनयन सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट गराई उल्लेखित समयतालिकामा तालिम लिन चाहेको मिति र सोको लागि मनोनित कर्मचारीहरुको नामावली (संलग्न मनोनयन फाराम सहित) मिति २०७५/०४/१५ गतेसम्म प्रतिष्ठानमा उपलव्ध गराइदिनुहुन अनुरोध गर्दछु। प्राप्त नामावलीमध्येबाट प्रतिष्ठानले निम्नानुसार मनोनयन स्वीकृत गर्ने व्यहोरा अनुरोध छ।

| कार्यक्रम | पहिलो कार्यक्रम संचालन हुने | दोश्रो कार्यक्रम संचालन हुने |
|---|---|---|
| मिति | २०७५ श्रावण २३ गतेदेखि २०७५ आश्विन १५ गतेसम्म | २०७५ श्रावण ३० गतेदेखि २०७५ आश्विन २२ गतेसम्म |

मनोनयनका आधारहरू र सम्बन्धित व्यवस्था :

१. मनोनित कर्मचारीको हालको तह/श्रेणीमा २०७५ असार मसान्त सम्ममा न्यूनतम ३ वर्षको सेवा अवधि पूरा भएको हुनुपर्नेछ।
२. हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिइसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन्।
३. एउटा समूह (तालिम कार्यक्रम) मा अधिकतम ३० जना अधिकृतहरू समावेश गरिनेछ।
४. मनोनयन गर्दा संलग्न तालिका बमोजिमको कुन समूहमा सहभागी हुने हो सो खुलाई पठाउनुपर्नेछ।
५. मनोनयनको स्वीकृति ज्येष्ठताको आधारमा गरिनेछ।
६. तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयनमाथि कारवाही गरिनेछैन।
७. मनोनयन फाराम र Online फाराम भर्ने तरिका प्रतिष्ठानको वेबसाइट www.nasc.org.np मा राखिएको छ। सम्बन्धित उम्मेदवारले प्रतिष्ठानको वेभसाइटमा राखिएको तालिम लिंकमा क्लिक गरी सम्बन्धित मन्त्रालयको मनोनयनपत्र र मनोनयन फाराम अपलोड गर्न सक्नेछन्।
८. वैकल्पिक उम्मेदवारहरूको व्यवस्था रहेको छैन।
९. मनोनयन स्वीकृतिको अधिकार प्रतिष्ठानमा रहनेछ। मनोनयन स्वीकृतिको जानकारी प्रतिष्ठानको सूचना पाटी तथा वेबसाइट www.nasc.org.np मा राखिनेछ।

शितल मोक्तान तामाङ
अध्ययन उपनिर्देशक
मोबाइल नं. ९८५१०२२६८३